छलफल एवं निर्णयहरु :

१.जिल्ला समन्वय समिति महासंघ नेपालको काठमाण्डौमा संचालन हुने पहिलो कार्य समितिको बैठकमा सहभागी हुन जि.स.स. प्रमुख श्री गणेश राज भट्ट मिति २०७८।०७।७ गतेको जि.स.स.वोर्ड वैठकको निर्णयले काज स्विकृत गरेको र सो अनुसार वैठकमा सहभागि भई सो सम्वन्धी भ्रमण प्रतिवेदन यस समितिमा सम्वन्धीतले पेश गरी छलफल भयो । उक्त सम्वन्धी प्रतिवेदन पारित गरी प्रचलित कानुन वमोजिम प्राप्त गर्ने रकम सम्वन्धीतलाई उपलव्ध गराउन जि.स.स.को कार्यालय लाई निर्देशन दिने निर्णय गरियो ।

२.यस जि.स.स.कार्यालयको हातामा लगाईएका ओखर, कागती लगायतका बोट विरुवाहरु छाडा गाई गोरुहरुले बेलाबेलामा खाई हुर्कन लागेका ती विरुवाहरु मर्न लागेको हुदा संरक्षण एव सुरक्षाका निमित्त आवश्यक ट्रीगार्ड तथा उक्त वोटविरुवा राख्न गोवरमल व्यवस्था गर्नका साथै कार्यालयहातामा रहेका झाडी छेकान गर्ने तथा यस कार्यालयको आ.प्र.एव जिन्सी शाखा रहेको भवनको चारै तिर पेटी मर्मत कार्यको अनुमोदन गरीएको संम्वन्धमा जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३.प्रदेश लेखा नियन्त्रक कार्यालय, सुदुर पश्चिम प्रदेशको च.नं.२१४ मिति ०७८।०७।२३ को पदाधिकारीको सेवा सुविधा सम्वन्धी प्राप्त पछिल्लो पत्रका सम्वन्धमा छलफल गरियो । उक्त अनुसार कार्यान्वयन गर्न जि.स.स.को कार्यालयलाई निर्देसन दिने निर्णय गरियो ।

४. यस जि.स.स.का सदस्य श्री रामचन्द्र अवस्थी जि.स.स.कार्यालय तथा प्रदेश स्थित मन्त्रालयको कामको सिलसिलामा धनगढी जानु भएकोले निजको उक्त सम्वन्धमा काज स्विकृत गर्ने र सम्वन्धीतवाट प्रतिवेदन प्राप्त भए पछि नियमानुसार भुक्तानी दिन जि.स.स.का. लाई निर्देशन दिने निर्णय गरियो ।

५.जिल्ला सभाको मिति २०७८।३।३० को निर्णय अनुसार यस कार्यालयको नयां भवन निर्माण गर्ने सन्दर्भमा परामर्शदातावाट **DPR** तयार गराउन संलग्न बमोजिम तयार गरिएको कार्यशर्त (**TOR**) स्विकृत गर्ने निर्णय गरियो ।